नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३
चलानी नं.:- ४८२

मिति:२०८३।०२।२६
ने.सं. ११४६

श्री गाउँपलिका सबै,
श्री नगरपालिका सबै ।

विषयः लागू औषध दुरुपयोग तथा अवैध ओसारपसार विरुद्धको अन्तर्राष्ट्रिय दिवस जुन २६को सप्ताहव्यापी कार्यक्रम सम्वन्धमा ।

प्रस्तुत विषयमा गृह मन्त्रालय, लागू औषध नियन्त्रण शाखाको प.सं.०८२/८३ च.नं.१६१९ मिति २०८३/२/२५ को पत्रमार्फत लागू औषध दुरुपयोग तथा अवैध ओसारपसार विरुद्धको अन्तर्राष्ट्रिय दिवस ***लागू औषधको चुनौती चिनौं: सामाजिक समाधानको बाटो खोजौं*** भन्ने नारा सहित २६,जुन २०२६ लाई देशभर विभिन्न कार्यक्रमका साथ सप्ताहव्यापि रुपमा मनाउने सन्दर्भमा भएका निर्णयहरु सोको कार्ययोजना सहितको पत्र यसैसाथ सँलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रकाश पन्थी)
शाखा अधिकृत

वोधार्थः
श्री गृह मन्त्रालय, सिँहदरवार, काठमाडौं ।
श्री सूचना प्रविधि शाखाः वेवसाईटमा अपलोड गरिदिनुहुन ।

:02 PM
संघीय 26 .jpg

फोन नं. ०१-४२११२२२
०१-४२११२८३
drug@moha.gov.np

नेपाल सरकार

# गृह मन्त्रालय

(लागु औषध नियन्त्रण शाखा)

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- ०८२/८३
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- १६१९

मिति: २०८३/०२/२५
नेपाल संवत् ११४६

विषय: **समन्वय/सहजीकरण सम्बन्धमा ।**

**श्री भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,**
**सिंहदरबार।**

लागु औषध दुरुपयोग तथा अवैध ओसारपसार विरुद्धको अन्तर्राष्ट्रिय दिवस २६ जुन, २०२६ (तदनुसार, २०८३, असार १२) देशभर सप्ताहव्यापी (२० देखि २६ जुन) ***"लागु औषधको चुनौती चिनौं: सामाजिक समाधानको बाटो खोजौं"*** नारासहित विभिन्न कार्यक्रमका साथ मनाउने सन्दर्भमा गृह सचिवज्यूको संयोजकत्वमा मिति २०८३/०२/२१ मा बसेको बैठकको निर्णयबाट गृह मन्त्रालयका सहसचिव एवम् मूख्य औषध नियन्त्रण अधिकारी श्री सुमन घिमिरेको संयोजकत्वमा त्यहाँ मन्त्रालयका प्रतिनिधिहरुको समेत सदस्यता रहने गरी गठन भएको मूल आयोजक समितिले मिति २०८३/०२/२५ मा स्वीकृत गरेको कार्ययोजना यसैसाथ संलग्न छ । उक्त कार्ययोजनामा रहेका स्थानीय तहसंग सम्बन्धित विषयहरु त्यहाँ मन्त्रालयमार्फत् कार्यान्वयनका लागि सबै स्थानीय तहहरुमा पत्राचार गरी आवश्यक समन्वय/सहजीकरण गरिदिनुहुन निर्णयानुसार अनुरोध छ।

(कविता शर्मा)
शाखा अधिकृत

https://mail.google.com/mail/u/1/#inbox/FMfcgzQgMMDrwsQSSsWprJFGCjpwZsnC?projector=1&messagePartId=0.2 1/1

फोन नं. ०१-४२११२२२
०१-४२११२८३
drug@moha.gov.np

नेपाल सरकार

# गृह मन्त्रालय

(लागु औषध नियन्त्रण शाखा)

नेपाल सरकार गृह मन्त्रालय

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- ०८२/८३
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- १६१५

मिति: २०८३/०२/२५
नेपाल संवत् ११४६

**विषय: लागु औषध दुरुपयोग तथा अवैध ओसारपसार विरुद्धको अन्तर्राष्ट्रिय दिवस जुन २६ को सप्ताहव्यापी कार्यक्रमको समन्वय/सहजीकरण सम्बन्धमा।**

**श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,**
**सिंहदरबार।**
**श्री भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,**
**सिंहदरबार।**

लागु औषध दुरुपयोग तथा अवैध ओसारपसार विरुद्धको अन्तर्राष्ट्रिय दिवस २६ जुन, २०२६ (तदनुसार, २०८३ असार १२) देशभर सप्ताहव्यापी (२० देखि २६ जुन) ***"लागु औषधको चुनौती चिनौं: सामाजिक समाधानको बाटो खोजौं"*** नारासहित विभिन्न कार्यक्रमका साथ मनाउने सन्दर्भमा गृह सचिवज्यूको संयोजकत्वमा मिति २०८३/०२/२१ मा बसेको तयारी बैठक र गृह मन्त्रालयका सहसचिव एवम् मूख्य औषध नियन्त्रण अधिकारी श्री सुमन घिमिरेको संयोजकत्वमा मिति २०८३/०२/२५ मा बसेको मूल आयोजक समिति(त्यहाँ मन्त्रालय/कार्यालयको प्रतिनिधि समेत सदस्यता रहेको) को बैठकले देहायबमोजिमको निर्णय गरेको हुँदा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सबै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमार्फत् सम्बन्धित प्रदेश मन्त्रालयमा र भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत् सबै स्थानीय तहहरूमा निर्णय कार्यान्वयनका लागि आवश्यक समन्वय/सहजीकरण गरिदिनुहुन निर्णयानुसार अनुरोध छ।

**निर्णयहरु:**

**(क) मिति २०८३/०२/२१ गतेको तयारी बैठकको निर्णय:**

- लागु औषध दुरुपयोग तथा अवैध ओसारपसार विरुद्धको अन्तर्राष्ट्रिय दिवस २०२६ देशैभर भव्य रूपमा मनाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत् सबै प्रदेशहरूमा र भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहहरूमा समन्वय गर्न अनुरोध गर्ने।
- प्रदेश तथा स्थानीयस्तरमा लागु औषध दुरुपयोग तथा अवैध ओसारपसार विरुद्धका कार्यक्रमहरू संचालन गर्न प्रदेश सरकार तथा स्थानीय तहलाई आगामी वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्न आवश्यक व्यवस्था मिलाउन अनुरोध गर्ने।

**(ख) मिति २०८३/०२/२५ गतेको मूल आयोजक समितिको बैठकको निर्णय:**

- प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय तथा सामाजिक विकास मन्त्रालय र स्थानीय तहरुवाट लागु औषध दुरुपयोग एंव ओसार-पसार विरुद्ध अन्तराष्ट्रिय दिवस जून २६, २०२६ को सप्ताहव्यापी कार्यक्रममा सरोकारवालाहरुको सहभागिता गराई लागु औषध विरुद्ध चेतनामूलक कार्यक्रम, अन्तरकृया, सडक नाटक, सांगितीक लगायतका उपयुक्त कार्यक्रम संचालन गर्न गराउन सबै प्रदेशहरु तथा स्थानीय तहहरुलाई भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने ।

.......................
(कविता शर्मा)
शाखा अधिकृत

# ससाहव्यापी कार्यक्रमको कार्ययोजना (स्थानीय तह)

(२० जुन देखि २६ जुन, २०२६ (तदनुसार २०८३, ६ आषाढ देखि १२ गते सम्म)

| क्र.सं | कार्यक्रम | समयसीमा (गते) | | | | | | | जिम्मेवार निकाय, पदाधिकारी | सहयोगी निकाय | श्रोतको व्यवस्थापन | अनुगमन गर्ने निकाय,पदाधिकारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | | | | |
| १ | स्थानीय तहले गर्ने कार्यहरू: | | | | | | | | | | | |
| १.१ | पालिकास्तरमा जनप्रतिनिधीको संयोजकत्वमा र वडामा वडा प्रतिनिधिको संयोजकत्वमा समिति गठन गरी ससाहव्यापी कार्यक्रमलाई भव्यताका साथ मनाउने । | | | | | | | | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह सबै, प्रमुख प्रशासकिय अधिकृत | सरोकारवाला संघ संस्था | स्थानीय तह | जिल्ला प्रशासन कार्यालय |
| १.२ | ससाहव्यापी कार्यक्रमको शुभारम्भ तथा लागु औषध नियन्त्रण सम्बन्धमा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा छलफल। | | | | | | | | स्थानीय तह सबै, प्रमुख प्रशासकिय अधिकृत | सरोकारवाला संघ संस्था | स्थानीय तह | जिल्ला प्रशासन कार्यालय |
| १.३ | समुदाय-प्रहरी साझेदारी कार्यक्रममार्फत लागुऔषधविरुद्ध सामुदायिक निगरानी तथा सचेतना अभियान सञ्चालन गर्ने। | | | | | | | | स्थानीय तह सबै | नेपाल प्रहरी, सामुदायिक प्रहरी युवा क्लव आमा समुह वाल क्लव | स्थानीय तह | |
| १.४ | स्थानीय तहको प्रत्येक वडामा रहेका स्वास्थ्य स्वयम्सेविका र प्रत्येक स्कुल/कलेजमा लागु औषध विरुद्ध सचेतना कक्षा संचालन गर्ने | | | | | | | | स्थानीय तह सबै, प्रमुख प्रशासकिय अधिकृत, वडा सचिव | सम्बन्धित स्कुल/कलेज तथा निजी संघ संस्था | स्थानीय तह | जिल्ला प्रशासन कार्यालय |
| १.५ | • स्थानीय एफ.एम., सामाजिक सञ्जाल तथा सूचना प्रणालीमार्फत जनचेतनामूलक सन्देश प्रसारण,<br>• जोखिममा रहेका वालवालिका तथा युवाहरूका लागि परामर्श, मनोसामाजिक सहयोग तथा पुनर्स्थापना सेवामा पहुँचका लागि सहजीकरण, विधालय नर्स मार्फत परामर्श दिने/मनो सामाजिक परामर्श मार्फत तालिम दिने।<br>• स्थानीय स्वास्थ्य संस्थामार्फत लागुऔषध दुरुपयोगका स्वास्थ्य असर सम्बन्धी परामर्श तथा सचेतना कार्यक्रम सञ्चालन, पालिकास्तरीय सरोकारवाला निकायहरूको समन्वय बैठक तथा प्रतिबद्धता कार्यक्रम आयोजना। | | | | | | | | स्थानीय तह सबै | सरोकारवाला संघ संस्था | स्थानीय तह, सरोकारवाला संघ संस्था | जिल्ला प्रशासन कार्यालय |
| १.६ | प्रभातफेरी, र्‍याली, सडक नाटक, सांस्कृतिक कार्यक्रम तथा सन्देशमूलक अभियान सञ्चालन र पालिकलाई उपयुक्त लागेका कार्यक्रम ससाहव्यापी कार्यक्रमको समापन | | | | | | | | स्थानीय तह सबै | सरोकारवाला सबै | सरोकारवाला | जिल्ला प्रशासन कार्यालय |